# स्थानीय राजपत्र

खण्ड १) गोल्जुङबेशी रसुवा मिति २०८१।३।२० (अतिरिक्ताङ्क २)

## भाग- १

## आमाछोदिङमो गाउँपालिका

नेपालको संविधान बमोजिम आमाछोदिङमो गाउँपालिकाले विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्वन्धी ऐन २०७५ बनाई सर्वसाधारण जनताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विपद् व्यवस्थापन तथा आर्थिक सहायता सम्वन्धी ऐन २०७५

आमाछोदिङमो गाउँपालिकाका सर्वसाधारण जनता पदाधिकारी तथा कार्यरत कर्मचारीहरुलाई दैवी प्रकोप प्रकोप तथा प्राकृतिक विपतीको कारण जीवन निर्वाहको विकल्प नभएको अवस्था तथा कुनै गम्भीर रोग लागी उपचार खर्चको अभाव भइ कठिन अवस्था निम्तिएकोमा सो अवस्थामा स्थानीय सरकारको कर्तव्य पुरा गर्नको लागि नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार बमोजिम विशेष

आमाछोदिङमो स्थानीय राजपत्र

परिस्थितिमा आर्थिक सहायता प्रदान गर्नका लागि ऐन बनाउनु वाञ्छनीय भएकाले आमाछोदिङमो गाउँ गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः क) यो ऐनको नाम आमाछोदिङमो गाउँपालिकाको विपद व्यवस्थापन तथा आर्थिक सहायता सम्वन्धी ऐन २०७५ हुने छ ।

ख) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः क) "कोष" भन्नाले गाउँ सभा तथा गाउँ कार्यापालिकाबाट विनियोजित विपद् व्यवस्थापन तथा तथा राहात कोष भन्ने बुझ्नुपर्दछ ।

ख) "आर्थिक सहायता" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयबाट गाउँपालिकाका निर्वाचित पदाधिकारी, कार्यरत कर्मचारी तथा सर्वसाधारण जनतालाई प्रदान गरिने आर्थिक सहायता सम्झनु पर्दछ ।

ग) "ऐन" भन्नाले आमाछोदिङमो गाउँपालिकाको विनियोजन ऐन सम्झनु पर्दछ ।

घ) "सञ्चालक समिति" भन्नाले आर्थिक सहायता कोषको सञ्चालक समिति सम्झनुपर्दछ ।

ङ) "पदाधिकारी" भन्नाले गाउँपालिकाका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य सम्झनुपर्दछ ।

च) "कर्मचारी" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनुपर्दछ ।

छ) "सर्वसाधारण" भन्नाले आमाछोदिङमो गाउँपालिकामा स्थायी बसोबास भएका व्यक्ति सम्झनुपर्दछ । सो शब्दले आमाछोदिङमो गाउँपालिकाको सरहदभित्र

फेला परेका स्थायी ठेगाना पत्ता नलागेका बेवारिसे व्यक्तिहरुलाई समेत जनाउँछ ।

ज) "विशेष परिस्थिति" भन्नाले दुर्घटना तथा प्राकृतिक विपत्तिमा परी घाइते भएको वा मृत्यु मृत्यु भएको अवस्था सम्झनुपर्दछ ।

३. कोषको उद्देश्यः गाउँपालिकाका पदाधिकारी, कार्यरत कर्मचारी तथा सर्वसाधारणहरुलाइ राहत उपलब्ध गराउनु रहेको छ ।

४. कोषमा जम्मा हुने रकमः क. गाउँ सभा तथा गाउँ कार्यापालिकाबाट विपद् व्यवस्थापन राहात तथा आर्थिक सहायता कोषमा विनियोजित गरेको रकम,

ख. आर्थिक सहायताका लागि नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्थाले प्रदान गरेको रकम।

ग. अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

५. कोषको सञ्चालनः क. कोषमा प्राप्त हुने रकम आमाछोदिङमो गाउँपालिका आर्थिक सहायता कोषको नाममा क वर्गको वाणिज्य बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

ख. बैंक खाता गाउँ कार्यापालिकाका कार्यकारी अधिकृत र लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

ग. क मा जेसुकै लेखिएको भएता पनि यस कोष स्थापना नहुँदा सम्मको लागि भने आमाछोदिङमो गाउँपालिकाको सन्चित कोषबाटै खर्च बेहोर्ने गरी आमाछोदिङमो गाउँपालिकाको गाउँसभा तथा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम विपद् व्यवस्थापन तथा राहात कोष तर्फ विनियोजन गरिएको बजेट प्रयोग गरिने छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

६. कोषको उपयोगः यस कोषमा जम्मा भएको रकम निम्नानुसारका क्षेत्रमा खर्च गर्न सकिनेछः

क. काजक्रिया अनुदानः कुनै पदाधिकारी तथा कार्यरत कर्मचारीको मृत्यु भएमा काजक्रिया वापत् निजको परिवारलाई एकमुष्ट रु १५०००।- (पाँच हजार रुपियाँ मात्र) काजक्रिया खर्च वापत् दिइनेछ । तर,

अ. आमाछोदिङमो गाउँपालिकाभित्रमा कुनै बेवारिसे शव प्राप्त भई अन्तिम संस्कार गर्न गर्न नसकिने भएमा सम्बन्धित वडा कार्यालयको सिफारिस तथा मुचुल्काका आधारमा रु १००००।- सम्म सम्बन्धित वडा सचिवलाई पेश्कि स्वरुप दिन सकिनेछ सकिनेछ र सो रकमको ७ दिनभित्र पेश्की फर्छ्यौट गर्नुपर्नेछ ।

आ. आमाछोदिङमो गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको मृत्यु भई निजको परिवारको कमजोर आर्थिक अवस्थाको कारण सदगत गर्न नसकिने भएको सम्बन्धित वडा कार्यालयको सिफारिस तथा सर्जिमिन मुचुल्काका आधारमा सदगत गर्नका लागि रु १०००० सम्म सम्बन्धित वडा सचिवलाई पेश्की दिन सकिनेछ र सो पेश्की रकमको ७ दिन भित्र फर्छ्यौट गर्नुपर्नेछ ।

ख. उपचार खर्चः आमाछोदिङमो गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीलाई कुनै गम्भीर रोग रोग (किड्नी बिग्रेको, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाईमर) आदि लागि उपचार खर्च जुटाउन नसक्ने अवस्था भएमा स्वीकृत चिकित्सकको सिफारिसको आधारमा रु. १००००।— (दश हजार) देखि ५००००/- (पचास हजार रुपियाँ) सम्म उपचार खर्च दिन सकिनेछ। तर,

अ. आमाछोदिङमो गाउँपालिकाभित्र बसोबास गर्ने कुनै व्यक्तिलाई कुनै गम्भीर रोग लागि उपचार खर्च जुटाउन नसक्ने भन्ने निवेदन आएमा सम्बधित

अस्पतालबाट सिफारिस भएको रहेछ भने सञ्चालक समितिले आवश्यकता र औचित्यतताका आधारमा निणर्य गरी उपचार खर्च दिन सकिनेछ। यसका लागि निजले औषधी खरिद गरेको बिल पेश गर्नुपर्नेछ ।

आ. आमाछोदिङमो गाउँपालिका क्षेत्र भित्र कुनै सवारी दुर्घटना भई तत्काल उद्दार गर्नुपर्ने भएमा घाइते तथा बिरामीहरुलाई उपचार स्थलसम्म पुर्‍याउन एम्बुलेन्सका लागि गाउँपालिकाले रु.३५०००/- सम्म बिल बमोजिम उपलब्ध गराउन सक्नेछ । दुर्घटनामा आमाछोदिङमो गाउँपालिकाका बासिन्दा परेका रहेछन् र बिमा वापत् पाउने रकम नपा एका रहेछन् भने प्रति व्यक्ति रु.५००००/- सम्म गाउँ कार्यपालिकाले उपलब्ध गराउन सक्नेछ ।

इ. आमाछोदिङमो गाउँपालिकाभित्र बसोबास गर्ने स्थायी बासिन्दालाई मुटु र किट्नी अप्रेसन अप्रेसन गर्नुपर्ने बिरामीलाई रु ५०,०००।- (अक्षरुपी पचास हजार मात्र) डाक्टर रिपोर्टको आधारमा आर्थिक सहायता दिने र अन्य बिरामीको हकमा आर्थिक अवस्था नाजुकलाई समितिको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराउनेछ ।

ग.दैवी प्रकोप सहायता

अ. कुनै पदाधिकारी तथा कर्मचारीको घर दैवी प्रकोपमा परी क्षति भएको रहेछ भने बढिमा रु ५००००।-उपलब्ध गराइनेछ ।

आ. आमाछोदिङमो गाउँपालिकामा कुनै व्यक्तिको घर दैवी प्रकोपमा परी क्षति भएको रहेछ भने रु.४००००/- सम्म क्षतिपूर्ति उपलब्ध गराइने छ ।

इ. अनाथ बालबालिका व्यवस्थापन सहयोगः कुनै बालबालिका बेवारिसे, अनाथ रहेछन् र संरक्षक समेत कोही रहेनछन् भने सम्बन्धित वडा कार्यालय र

गाउँपालिका अध्यक्षको सिफारिसमा प्रति बालबालिका रु.१५०००/- सम्म दिन सकिनेछ ।

ई) मानव अधिकार हनन भइरहेका व्यक्तिको तत्काल उद्दार गर्नुपर्ने अवस्था सिर्जना भएको अवस्थामा अध्यक्षको सिफारिसमा प्रति घटना रु. २००००/- सम्म खर्च गर्न सकिनेछ । तर यो रकम चिया खाजा लगायतका क्षेत्रमा खर्च गर्न पाइने छैन ।

उ) .जेष्ठ नागरिक घरबारविहीन हुन पुगेको अवस्थामा सम्बन्धित वडा कार्यालय र गाउँपालिका अध्यक्षको सिफारिसमा रु २५०००/- सम्म दिन सकिनेछ ।

ऊ. सुत्केरी तथा रक्तश्राव भई उद्दार गर्नुपर्ने अवस्था देखिएमा उद्दारका लागि आवश्यक पहल गर्ने र सुत्केरीको अकालमै मृत्यु भएमा राहात स्वरुप ५००००। सम्म काजक्रिया काजक्रिया खर्च उपलब्ध गराउनु पर्ने छ ।

ऋ. आमाछोदिङमो गाउँपालिका भित्र दैवि प्रकोप भई खाद्यान्न तथा खाद्यान्न बाली नष्ट भएमा प्रहरी मुचुल्काको आधारमा गाउँपालिकाको अध्यक्षको सिफारिसमा निज परिवारलाई राहात उपलब्ध गराउने छ ।

७. सञ्चालक समितिः यस कोषको सञ्चालक समिति देहाय बमोजिमको हुनेछः

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष- | अध्यक्ष |
| ख. गाउँपालिका उपध्याक्ष | सदस्य |
| ग. सामाजिक विकास समितिका संयोजक | सदस्य |
| घ. योजना शाखा प्रमुख | सदस्य |
| ङ. लेखा शाखा प्रमुख | सदस्य |

आमाछोदिङमो स्थानीय राजपत्र

च. प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

८. सञ्चालक समितिको बैठकः

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिमा अध्यक्ष सहित ३ जना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

ग. समितिको बैठक बसेमा बढीमा महिनामा १ पटक रु. १०००/- बैठक भत्ता (प्रति सदस्य) सोही कोषबाट खर्च गर्न सकिनेछ ।

९. आर्थिक सहायताको निर्णयः

क. कुनै व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाइने छैन । तर यस आ व मा सम्वन्धित शाखामा सम्पुर्ण कर्मचारी तथा प्रमुख नभएकाले गाउँ कार्यपालिका अन्तर्गतको प्रमुख सचिवालयले निर्णय गरे बमोजिम हुने गरी सहायता प्रदान गर्न सकिने छ ।

ख. आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक पुष्ट्याई गर्ने कागजात पेश गर्नुपर्नेछ ।

ग. कोषमा मौज्दात रकमको अवस्था हेरेर मात्र आर्थिक सहायताको निर्णय गर्नुपर्नेछ ।

घ. कोषमा १५ प्रतिशत भन्दा कम रकम मौज्दात रहने गरी आर्थिक सहायता प्रदान गर्न पाइने छैन ।

ङ. कोषबाट गरिने आर्थिक सहायताको निर्णय सामान्यतया समिति तथा प्रमुख सचिवालयको बहुमतबाट हुनेछ ।

आमाछोदिङ्मो स्थानीय राजपत्र

च. समितिबाट बहुमतले निर्णय हुन नसकेमा वा हुन नसक्ने अवस्था रहेमा अध्यक्षको निर्णय निर्णय अन्तिम हुने छ । तर यस वाप्रतिको दायित्व निजले नै बेहोर्नुपर्नेछ ।

छ. यो ऐन कार्यान्वयन मा आउनु भन्दा अघि भयका राहत संग सम्बन्धित सबै निर्णय यसै ऐन बमोजिम भएका मानिनेछ ।

१०. कोषको लेखा तथा लेखापरीक्षणः

क. यस कोषको लेखा नेपाल सरकारको स्वीकृत मापदण्ड तथा प्रकृयाबमोजिम राखुपर्नेछ ।

ख. कोषको लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत र लेखा लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

ग. गाउँपालिकाको आन्तरिक लेखा परीक्षकले कोषको आन्तरिक लेखा परीक्षण गर्ने छ ।

घ. गाउँपालिकाको अन्तिम लेखा परीक्षण गर्ने लेखा परीक्षकले कोषको अन्तिम लेखा परीक्षण गर्नेछ ।

११. ऐनमा संशोधनः सञ्चालक समितिको सिफारिसमा यस ऐनमा प्रचलित कानूनको प्रतिकूल नहुने नहुने गरी गाउँकार्यपालिकाले पेश गरे बमोजिम गाउँ सभाले यस ऐनमा संशोधन गर्न सक्ने छ।

१२. बाधा अड्काउ फुकाउनेः यस ऐन अनुसार कोषको सञ्चालनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार सञ्चालक समितिमा रहने छ ।

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची १

पदाधिकारीले आर्थिक सहायता माग गर्दा भर्नुपर्ने फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

आमाछोदिङमो, गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,

गोल्जुङबेशी, आमाछोदिङमो ।

विषयः आर्थिक सहायता पाउँ भन्ने बारे ।

महोदय,

मेरो ..........................................भई घर क्षतिग्रस्त भएको........

जनाको मृत्यु भएको/ बिरामी भएको हुँदा रु........................आर्थिक सहायता पाउँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक

अनुसूची २

कार्यरत कर्मचारीले आर्थिक सहायता माग गर्दा भर्नुपर्ने फाराम

आमाछोदिङमो स्थानीय राजपत्र

अनुसूची ३

आर्थिक सहायता माग गर्दा भर्नुपर्ने फाराम

निवेदन सहित सक्कलै मुचल्का हुनुपर्ने छ ।

आज्ञाले
गोपाल प्रसाद दुलाल
प्रमुख प्रशासकिय अधिकृत

आमाछोदिङमो स्थानीय राजपत्र